बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

प. सं. २०८०/०८१

च.नं. १५०   (आर्थिक विकास,सहकारी प्रवर्द्धन तथा श्रम विकास इकाई)   मिति :२०८०।०४।२६

विषयः सहकारी संस्थाहरुलाई परिपत्र जारी गरिएको सम्वन्धमा ।

श्री सहकारी संस्थाहरु सवै

वेलका नगरपालिका , उदयपुर

प्रस्तुत विषयमा बेलका नगरपालिकाको सहकारी ऐन २०७५ को दफा ५५ ले व्यवस्था गरेवमोजिम वाह्य लेखापरीक्षक नियुक्ति गर्दा बेलका नगरपालिकाको सहकारी संस्था सञ्चालन ,अनुगमन तथा लेखापरीक्षण सम्वन्धी मापदण्ड-२०८० को दफा ३६ वमोजिम लेखापरीक्षक नियुक्तिको जानकारी नियामक निकायलाई ७ दिन भित्रमा गराउनु पर्नेमा सहकारी संस्थाहरुले नियुक्तिको जानकारी गराउने प्रकृया अन्तरगत सोझो रुपमा बेलका नगरपालिकालाई जानकारी गराईएको पाइएकोले यसै साथ संलग्न ढाँचा वमोजिम संस्थाको आधिकारीक पत्र मार्फत जानकारी गराउन हुन यो परिपत्र जारी गरिएको छ ।

२०८०।०४।२६

पदम वहादुर खड्का

का.वा.नगर प्रमुख

**का.वा. नगर प्रमुख**

Website: www.belakamun.gov.np   E-mail: belakamun@gmail.com

Contact no. 977-035-430111, 430112, 430113, 430117,430116,9852835479

# ............. सहकारी संस्था लि.

# बेलका नगरपालिका -....... उदयपुर

प. सं. २०८०/०८१

कोशी प्रदेश , नेपाल

च.नं.

मिति :२०८०।...।...

(लेखापरीक्षक नियुक्ति पत्रको ढाँचा)

विषयः स्वतन्त्र लेखापरीक्षकका रुपमा नियुक्ति गरिएको सम्वन्धमा ।

श्री .............( फर्मको नाम) ,रजिष्टर्ड अडिटर्स ,..........(ठेगाना)

प्रो.श्री ...............(लेखापरीक्षकको नाम)

प्रस्तुत विषयमा यस सहकारी संस्था लि.को मिति २०७९/...../.......गते वसेको साधारण सभाको निर्णय नं......ले तपाईलाई आ.व.२०७९/०८० को स्वतन्त्र लेखापरीक्षण गर्न स्वीकृत गरे वमोजिम सोही निर्णयको आधारमा सम्पूर्ण कर सहित /कर वाहेक रु..........पारिश्रमिक पाउने गरी मिति २०८०/...../.....गते वसेको सञ्चालक समितिको वैठकवाट नियुक्ति पत्र दिने सम्वन्धी गरेको निर्णयानुसार आ.व.२०७९/०८० को स्वतन्त्र लेखापरीक्षण गर्न यो नियुक्ति पत्र प्रदान गरिएको छ !

बेलका नगरपालिकाको सहकारी संस्था सञ्चालन,अनुगमन तथा लेखापरीक्षण सम्वन्धी मापदण्ड- २०८० तथा लेखा नीति मापदण्ड र आयकर ऐन २०५८, सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिले तोकेको क्षेत्राधिकार भित्र आकर्षण हुने ऐनको परिधि भित्र रही संस्थाको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गर्न हुन अनुरोध छ।

भवदीयः

वोधार्थः

श्री बेलका नगरपालिका ,उदयपुर

(सहकारी शाखा) - जानकारीका लागि अनुरोध छ।

श्री लेखा शाखा

........सहकारी संस्था लि. - जानकारीका लागि अनुरोध छ।

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल

२०८०।०४।२६

का.वा. नगर प्रमुख

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

प. सं. २०८०/०८१

च.नं. १२१ (आर्थिक विकास,सहकारी प्रवर्द्धन तथा उद्यम विकास इकाई)

मिति :२०८०।०४।२६

## सहकारी संस्थाहरुलाई निर्देशन ।

विद्यमान अवस्थामा सहकारी संस्थाहरुलाई अवसर र चुनौती दुवै विषयले जेलेको छ ।समुदाय स्तरमा छरिएर रहेको पूँजी, श्रम, श्रोत र प्रविधि, सीप तथा प्रतिभालाई एकत्रित गरी स्वावलम्वन र पारस्पारिकताका आधारमा उनीहरुकै साझा अवधारणा अनुरुप निजहरुकै उत्तरदायित्व एवम् सहकार्यमा परिचालन गरी समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनस्तर उकास्न सदस्य केन्द्रीत ,लोकतान्त्रिक ,स्वायत्त र स्वशासित सङ्गठनको रुपमा गरिने प्रयासहरु नै खास अर्थमा सहकारी हो ।सहकारी संस्थाहरु सञ्चालन र नियमनका लागि बनेका ऐन,नियमावली तथा मार्ग निर्देशन र कार्यविधिहरु यसका पुरक तत्वहरु हुन तथापि समग्रमा सहकारी नितान्त रुपमा एउटा व्यवसाय हो भने मार्गनिर्देशित स्वःनियमन र स्वःनियन्त्रण खास अर्थमा चिरस्थायी र दिगो हुनेगर्दछ ।नियामक निकायको तर्फवाट सहकारी संस्थाहरुको नियमन,प्रवर्द्धन र प्रशिक्षण गर्नु र गराउनु स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार क्षेत्रका विषय हुन् । तत् सम्वन्धमा बेलका नगरपालिका कार्यक्षेत्र कायम रहेका सहकारी संस्थाहरुलाई निम्न निर्देशनहरु पालना गर्न गराउन यो निर्देशन जारी गरिएको छ ।

१. नियामक निकायमा तोकिएको समय सीमा भित्र माग भई आएका विवरणहरु उपलव्ध गराउने दायित्व सहकारी संस्थाहरुको हुनेछ । विवरण उपलव्ध गराउने संस्थाहरुका लागि क्षमता विकास अन्तरगत सञ्चालन हुने कुनै पनि विषयका तालिम कार्यक्रम तथा अध्ययन अवलोकन भ्रमणका लागि प्रतिनिधि छनौट गरी समय सीमा भित्र नियामक निकायमा नामनामेसी पठाउने व्यवस्था सहकारी संस्थाले अनिवार्य गर्नुपर्ने ।
२. आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्रमा लेखापरिक्षण सम्पन्न गरी पौष मसान्त भित्रमा साधारण सभा सम्पन्न गर्ने र माघ १५ गते भित्रमा नियामक निकायमा प्रतिवेदन सम्प्रेषण गर्नहुन् ।
३. सहकारी संस्थावाट प्रवाह भएका ऋणका सम्वन्धमा धन जमानी वस्नेको हकमा ऋणीले ऋण पूर्ण रुपमा सहकारी संस्थामा चुक्ता नगरे सम्म जमानीलाई ऋण नदिने र जमानी सहितवाट निजहरुको वित्तिय कारोवार मिलान गरी ऋण असुल गर्न हुनका साथै ऋण नतिर्ने १ वर्षभन्दा वढी भाखा नाघेका ऋणीहरुलाई कालोसूचीमा समावेस गरी निजलाई ऋण चुक्ताका लागि लेखि पठाउने व्यवस्था गर्नुका साथै सहकारी ऐन, नियमावली अनुसार कार्यवाही प्रकृया अगाडी वढाई ऋण असुल उपर गर्ने
४. सहकारी सञ्जाल मार्फत सवै सहकारी संस्थाहरुलाई कोपोमिस प्रणालीमा सदस्यहरुको तथ्याङ्क अध्यावधिक गर्न प्रेरित गर्ने । दोहोरो सदस्य भएकाहरुको हकमा अर्को सहकारीमा ऋण लिएको /नलिएको एकिन गरी मात्र ऋण प्रवाह गर्ने /गराउने व्यवस्था मिलाउने ।
५. पालिकाको उद्यम शाखावाट सञ्चालन हुने कार्यक्रमहरुका लागि तोकिएको वस्तीका सदस्यहरुको पहिचान र जिविकोपार्जनमा सहयोग र सहजिकरण गर्ने ।

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com

Contact no. 977-035-430111, 430112, 430113, 430117,430116,9852835479

२०८०/०४/२६

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

प. सं. २०८०/०८१

च.नं. ९५१ (आर्थिक विकास,सहकारी प्रवर्द्धन तथा उद्यम विकास इकाई) मिति :२०८०।०४।२६

६. बेलका नगरपालिकाको सहकारी संस्था सञ्चालन,अनुगमन तथा लेखापरिक्षण सम्वन्धि मापदण्ड -२०८० कार्यन्वयन गरी स्वीकृत कार्यक्षेत्र भन्दा वाहिर गई वित्तिय कारोवारहरु नगर्ने/नगराउने ।

७. बेलका नगरपालिका भित्र कार्यक्षेत्र कायम नभएका सहकारी संस्थाहरुले यस पालिका क्षेत्र भित्र वचत संकलन लगायतका वित्तिय कारोवार नगर्ने र आम समुदायले बेलका नगरपालिका नियमन निकायमा दर्ता नभएका सहकारी संस्थाहरु संग वचत तथा कुनै पनि वित्तिय कारोवार नगर्ने /नगराउने ।

८. दुइ वा सो भन्दा वढी स्थानीय तह कार्यक्षेत्र कायम गरी दर्ता कायम रहेका प्रादेशिक सहकारी संस्थाहरुले यस अगावै बेलका नगरपालिका क्षेत्रमा वित्तिय कारोवार गरेको भए स्थानीय तहले वित्तिय कारोवार गर्न दिएको स्वीकृति सञ्चालकको विवरण सहित शाखावाट माग हुने अन्य कागजात सहित नगरपालिकामा सम्पर्क गर्ने ।

९. सहकारीको नाममा प्रधान कार्यालय, मुख्य कार्यालय , शाखा कार्यालयहरु जस्ता शव्द प्रयोग नगर्ने सेवा केन्द्रको हकमा सहकारी सम्वन्धी मापदण्ड-२०८० वमोजिम गर्ने /गराउने ।

१०. सहकारी संस्था संगको गुनासो सुनुवाई नभएमा आधिकारिक प्रमाण सहित नियामक निकायमा उजुरी दिने ।

११. शिक्षा तालिम शिर्षकका वजेटवाट संस्थाका कर्मचारी एवम् सञ्चालकहरुलाई तालिम तथा कार्यक्रम वनाई लागु गर्ने ।

१२. संरक्षित पूँजी फिर्ताकोषको रकम आ.व.अनुसार नियम संगत ढङ्गले अनिवार्य वितरण गर्ने ।

१३. सहकारी दिवस तथा सामुहिक कार्यक्रमका लागि सहकारी संस्थामा रहेको शिर्षक मिल्ने शिर्षकवाट व्यवस्थापन हुने गरी सामुहिक कार्यक्रम वनाउन सहकारी सञ्चाललाई आवश्यक सहयोग र सहजिकरण गर्ने ।

१४. संघीय सहकारी नियमावली २०७५ को नियम ८१(१)मा भएको व्यवस्था वमोजिम समिति र लेखा सुपरिवेक्षण समितिमा सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको मनोनयन वा निर्वाचनमा सहभागि गराई पदिय दायित्व रहने व्यवस्था नगर्ने/नगराउने ।

२०८०/०४/२६

पदम बहादुर खड्का

का.वा. नगर प्रमुख

**का.वा. नगर प्रमुख**

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com

Contact no. 977-035-430111, 430112, 430113, 430117,430116,9852835479